# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, जेठ ३१ गते, २०८१ साल (संख्या १२

## भाग ३

### नेपाल सरकार

### वन तथा वातावरण मन्त्रालयको

### सूचना

**वन (दोस्रो संशोधन) नियमावली, २०८१**

वन नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वन ऐन, २०७६ को दफा ८३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरुको नाम "वन (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>वन नियमावली, २०७९ को नियम २ मा संशोधनः</u>** वन नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-

"(ञ१) "पोल" भन्नाले दस सेन्टिमिटर भन्दा बढी तीस सेन्टिमिटरसम्म व्यास (डिबिएच) भएको खडा बोट सम्झनु पर्छ।"

(२) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) "बल्लाबल्ली" भन्नाले दस सेन्टिमिटर भन्दा बढी तीस सेन्टिमिटरसम्म व्यास (डिबिएच) भएको र छ फिट भन्दा बढी लम्बाइ भएको गोलिया काठ सम्झनु पर्छ।"

(३) खण्ड (ड) पछि देहायका खण्ड (ड१) थपिएको छः-

"(ड१) "रुख" भन्नाले तीस सेन्टिमिटर भन्दा बढी व्यास (डिबिएच) भएको खडा बोट सम्झनु पर्छ।"

३. **<u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) नेपाल सरकारको स्वामित्व भएको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडलाई जडीबुटीको खेती बिस्तार तथा प्रशोधन गर्न नेपाल सरकारले राष्ट्रिय वनको कुनै क्षेत्रको भोगाधिकार उपलब्ध गराउन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्नेछ। यसरी भोगाधिकार उपलब्ध गराएको विवरण सम्बन्धित प्रदेश मन्त्रालय र निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) वा (१क) बमोजिम भोगाधिकार प्राप्त गर्ने निकायले जुन प्रयोजनका लागि भोगाधिकार प्राप्त गरेको हो सोही प्रयोजनका लागि हटाउनुपर्ने पोल र रुखको सङ्ख्याको दस गुणाले हुने सङ्ख्यामा विभाग वा डिभिजन वन कार्यालयले तोकेको जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ।"

(३) उपनियम (३), (४), (६) र (७) मा रहेका "उपनियम (१)" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) वा (१क)" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल नियमावलीको नियम २० मा संशोधनः** मूल नियमावलीको नियम २० को उपनियम (२) मा रहेका "फागुन मसान्तसम्म रुख छपान तथा कटान गरिसक्ने गरी" भन्ने शब्दहरुको सट्टा "चैत मसान्तसम्म रुख छपान, कटान तथा मुछानको कार्य सम्पन्न गरिसक्ने गरी" भन्ने शब्दहरु राखिएका छन्।

५. **मूल नियमावलीको नियम २५ मा संशोधनः** मूल नियमावलीको नियम २५ को,-

(१) उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर पचास हजार रुपैयाँ वा सो भन्दा कम मूल्याङ्कित परिमाणको काठ, दाउरा लिलाम बिक्री गर्नुपर्ने भएमा डाक बढाबढको विधिबाट गर्न सकिनेछ।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम सिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्दा कम्तीमा एक्काइस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी उक्त सूचना सोही दिन वा भोलिपल्ट सम्बन्धित कार्यालय, प्रदेश मन्त्रालय र निर्देशनालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।"

(३) उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(४) उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छः-

"(७) उपनियम (६) बमोजिम खडै लिलाम गर्दा सामुदायिक वन वा साझेदारी वनको हकमा सम्बन्धित उपभोक्ता समूहभित्र आन्तरिक खपतमा प्रयोग नहुने भनी माग सङ्कलनबाट सुनिश्चित भएको र उपभोक्ता समूहको साधारण सभाबाट उपभोक्ता समूहभित्र खपत हुन नसक्ने भनी निर्णय भएको हुनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **मूल नियमावलीको नियम २६ मा संशोधनः** मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) पच्चीस लाख रुपैयाँ भन्दा बढी सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार प्रदेश वन निर्देशकलाई।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वन निर्देशकको पदमा दरबन्दी बमोजिमको कर्मचारी नभएको अवस्थामा पच्चीस लाख रुपैयाँ भन्दा बढी सकार मूल्य रहेको लिलाम बिक्री प्रदेश मन्त्रालयको सचिवले स्वीकृत गर्नु पर्नेछ।"

७. **मूल नियमावलीको नियम ३३ मा संशोधनः** मूल नियमावलीको नियम ३३ को,-

(१) उपनियम (१) मा रहेका "यो नियमावली प्रारम्भ हुनु अघि" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (५) झिकिएको छ।

८. **मूल नियमावलीको नियम ३५ मा संशोधनः** मूल नियमावलीको नियम ३५ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्ः-

"(१) नेपाल सरकारले तोकेको जिल्लाका डिभिजनल वन अधिकृतले नेपाल वन निगम लिमिटेडलाई सहरी क्षेत्रमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काठ, दाउरा आपूर्ति गर्ने प्रयोजनको लागि प्रत्येक वर्ष सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई प्लट कायम गरी काठ, दाउरा सङ्कलन गर्न दिनु पर्नेछ। त्यसरी उपलब्ध गराईएको प्लटबाट सङ्कलन भई उत्पादन भएको काठ दाउराको कम्तीमा पचास प्रतिशत काठ दाउरा नेपाल वन निगम लिमिटेडलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएका जिल्लामा सङ्कलन भएको काठ, दाउरा बाहेक त्यस्तो जिल्लाका डिभिजन वन कार्यालयलाई यस नियमावली बमोजिम प्राप्त हुने काठ, दाउराको कम्तीमा पच्चीस प्रतिशत काठ, दाउरा नेपाल वन निगम लिमिटेडलाई उपलब्ध गराउनु पर्नेछ।"

९. **<u>मूल नियमावलीको नियम ३८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३८ को उपनियम (२) मा रहेका "यो नियमावली प्रारम्भ भएको तीन महिनाभित्र" भन्ने शब्दहरु झिकिएका छन्।

१०. **<u>मूल नियमावलीको नियम ४२ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४२ को,-

(१) उपनियम (१) मा रहेका "संरक्षण, विकास र व्यवस्थापन" भन्ने शब्दहरुको सट्टा "विकास, संरक्षण, उपयोग र व्यवस्थापन" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (८) को सट्टा देहायको उपनियम (८) राखिएको छः-

" (८) सामुदायिक वन उपभोक्ता समूहको कार्य सञ्चालनका लागि समावेशी रुपमा बढीमा एक्काइस सदस्यीय कार्यसमिति रहनेछ। कार्यसमितिको अध्यक्ष वा सचिव पदमध्ये कम्तीमा एक पद र उपाध्यक्ष वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कोषाध्यक्ष पदमध्ये कम्तीमा एक पद सहित कार्यसमितिमा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको हुनु पर्नेछ।"

११. **मूल नियमावलीको नियम ४३ मा संशोधनः** मूल नियमावलीको नियम ४३ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सामुदायिक वन उपभोक्ता समूहको कोषको खाता उपभोक्ता समूहको कार्यसमितिले तोके बमोजिम अध्यक्ष वा सचिव मध्ये एक जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। कोषको खातामा दस्तखत गर्नेमध्ये कम्तीमा एक जना महिला हुनु पर्नेछ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (२) बमोजिम कोषको रकम खर्च गर्दा उपभोक्ता समूहको कार्यसमितिको बैठकबाट भएको निर्णय बमोजिम गर्नु पर्नेछ।"

१२. **मूल नियमावलीको नियम ४८ मा संशोधनः** मूल नियमावलीको नियम ४८ को,-

(१) उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशको सट्टामा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर सामुदायिक वन उपभोक्ता समूहभित्र घरायसी प्रयोजनमा आन्तरिक खपतका लागि मात्र स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा सवडिभिजन वन कार्यालयको प्राविधिक सहयोग लिई वन पैदावार सङ्कलन गर्न सकिनेछ र सोको जानकारी सवडिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।"

(२) उपनियम (१०) मा रहेका "आफ्नै स्रोत" भन्ने शब्दहरुको सट्टा "उपभोक्ता समूहको कोषको रकम प्रयोग गरी" भन्ने शब्दहरु राखिएका छन्।

१३. **<u>मूल नियमावलीको नियम ४९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४९ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम आन्तरिक खपतको लागि बिक्री वितरण भएको काठ सम्बन्धित उपभोक्ता समूह बाहिर बिक्री वितरण गर्न पाईने छैन।

तर परम्परागत सीपको प्रयोग गरी त्यस्तो काठ दाउराबाट घरायसी रुपमा उत्पादित वस्तु बिक्री गर्न सकिनेछ।"

१४. **<u>मूल नियमावलीको नियम ५२ मा संशोधनः</u>** मूल नियमावलीको नियम ५२ को उपनियम (७) पछि देहायको उपनियम (८) थपिएको छः-

"(८) उपनियम (३) बमोजिम साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गरिएकोमा बाहेक यस नियम बमोजिम सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन भएकोमा सम्बन्धित उपभोक्ता समूह बाहेक अन्य निकाय, सङ्घ संस्था, समिति वा व्यक्तिले कुनै पनि शुल्क वा दस्तुर लगाउन वा सङ्कलन गर्न पाउने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. **मूल नियमावलीको नियम ६७ मा संशोधनः** मूल नियमावलीको नियम ६७ को,-

(१) उपनियम (२) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) वन तथा प्राकृतिक संरचनामा कुनै किसिमको परिवर्तन नगरी पर्यापर्यटनको लागि उपयुक्त रहेको,"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन, धार्मिक वन र सांस्कृतिक, धार्मिक वा आध्यात्मिक रुपमा महत्वपूर्ण रहेका वन क्षेत्रलाई कबुलियती वनको रुपमा उपलब्ध गराइने छैन।"

१६. **मूल नियमावलीको नियम ७३ मा संशोधनः** मूल नियमावलीको नियम ७३ को,-

(१) उपनियम (९) को सट्टा देहायको उपनियम (९) राखिएको छः-

"(९) यस नियम बमोजिम गरिबीको रेखामुनिका जनतालाई बढीमा पन्ध्र वर्षको लागि कबुलियती वन उपलब्ध गराइनेछ।"

(२) उपनियम (९) पछि देहायको उपनियम (९क) थपिएको छः-

"(९क) उपनियम (९) बमोजिमको अवधि पूरा भएपछि गरिबीको रेखामुनि रहेका सोही घरधुरीका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनतालाई कबुलियती वनको रुपमा त्यस्तो वन क्षेत्रको जग्गा बढीमा पन्ध्र वर्षको लागि पुनः उपलब्ध गराउन सकिनेछ।"

१७. **मूल नियमावलीको नियम ८९ मा संशोधनः** मूल नियमावलीको नियम ८९ को उपनियम (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) विकास आयोजना कार्यान्वयन गर्दा वन क्षेत्रबाट हटाउनु पर्ने पोल र रुखको अनूसुची-५० बमोजिमको ढाँचामा लगत सहितको विवरण,"

१८. **मूल नियमावलीको नियम ९१ मा संशोधनः** मूल नियमावलीको नियम ९१ को,-

(१) उपनियम (६) मा रहेका "कायम गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "कायम गरी सोको अभिलेख राख्नु पर्नेछ र सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएको छः-

"(६क) उपनियम (६) बमोजिम राष्ट्रिय वन क्षेत्र कायम भएपछि सम्बन्धित मालपोत कार्यालयले सो जग्गाको मालपोतको लगत र स्थानीय तहले सो जग्गाको करको लगत तत्कालै कट्टा गर्नु पर्नेछ।"

(३) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) उपनियम (६) बमोजिम राष्ट्रिय वन क्षेत्र कायम भएको जग्गाको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले विभाग मार्फत मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।"

(४) उपनियम (९) मा रहेका "सो व्यहोरा" भन्ने शब्दहरुको सट्टा "जग्गा प्राप्तिका लागि प्रकाशन गरिएको सूचना र सो समितिको निर्णय समेत राखी" भन्ने शब्दहरु राखिएका छन्।

१९. **मूल नियमावलीको नियम ९३ मा संशोधनः** मूल नियमावलीको नियम ९३ को,-

(१) उपनियम (४) मा रहेका "उपदफा (६) को प्रयोजनको लागि" भन्ने शब्दहरु पछि "अनुसूची-५१क. बमोजिम" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपनियम (५) मा रहेको "बल्लाबल्लीको" भन्ने शब्दको सट्टा "पोलको" भन्ने शब्द राखिएको छ।

(३) उपनियम (६) झिकिएको छ।

२०. **मूल नियमावलीको नियम ९४ मा संशोधनः** मूल नियमावलीको नियम ९४ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले निर्माण गर्ने आयोजनाको हकमा अर्थ मन्त्रालयले सो आर्थिक वर्षभित्र रकम जम्मा गर्ने सुनिश्चितता दिएमा त्यसको आधारमा सो उपनियम बमोजिमको सम्झौता गरी प्रमाणपत्र दिन सकिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **<u>मूल नियमावलीको नियम ९५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९५ को,-

(१) उपनियम (३) मा रहेका "सम्बन्धित विकास आयोजनाले" भन्ने शब्दहरु पछि "त्यसरी रकम जम्मा गर्नु अघि वनक्षेत्र प्रयोग गरेको अवधिको अनुसूची-३८ बमोजिमको रोयल्टी रकम राजश्व खातामा र" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) उपनियम (१) बमोजिम सट्टाभर्ना बापत जग्गा उपलब्ध गराउन नसकेका आयोजनाले यो उपनियम प्रारम्भ भए पछि सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराएमा सट्टा भर्ना बापतको जग्गा उपलब्ध गराउनु अघि वन क्षेत्र प्रयोग गरेको अवधिको अनुसूची-३८ बमोजिमको रोयल्टी रकम राजस्व खातामा जम्मा गर्नु पर्नेछ।"

(३) उपनियम (४) मा रहेका "नियम ९३ को उपनियम (४), (५) र (६) बमोजिमको रकम" भन्ने शब्दहरुको सट्टा "नियम ९३ को उपनियम (४) र (५) बमोजिमको रकम" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छः-

"(६) उपनियम (५) बमोजिम अनुगमन गर्दा सट्टाभर्ना बापतको जग्गामा वृक्षारोपण नगरिएको वा आंशिक रुपमा मात्र गरिएको वा वनक्षेत्रको जग्गा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोग गर्दा हटाइएका रुख बिरुवा बापतको वृक्षारोपण नगरिएको वा आंशिक रुपमा मात्र गरिएको पाइएमा नियम ९३ को उपनियम (४) वा (५) बमोजिम हुने रकमको हिसाब गरी सोको समेत लगत कायम गरी त्यस्तो रकम बुझाउन लगाउनु पर्नेछ।"

२२. **मूल नियमावलीको नियम ९८ मा संशोधनः** मूल नियमावलीको नियम ९८ को उपनियम (१) मा रहेका ", वन क्षेत्र प्रयोग गर्न दिएको अनुमतिपत्र" भन्ने शब्दहरु झिकिएका छन् ।

२३. **मूल नियमावलीको नियम १०२ मा संशोधनः** मूल नियमावलीको नियम १०२ को,-

(१) उपनियम (२) र (३) मा रहेका "जाँचबुझ गरी" भन्ने शब्दहरुको सट्टा "जाँचबुझ गरी वा गराई वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (४) मा रहेका "नियम ९३ को उपनियम (४) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "नियम ९३ को उपनियम (५) बमोजिम लाग्ने" भन्ने शब्दहरु राखिएका छन्।

२४. **मूल नियमावलीको नियम १०३ मा संशोधनः** मूल नियमावलीको नियम १०३ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम घाटगद्दी भएको काठ, दाउरा बाटोको पहुँच नभएको कारण उपयोग हुन नसक्ने अवस्था सृजना भएमा वा हानिनोक्सानी भएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित आयोजनाले अनुसुची-६ बमोजिमको मूल्य तिर्नु पर्नेछ।"

२५. **<u>मूल नियमावलीको नियम १०७ मा संशोधनः</u>** मूल नियमावलीको नियम १०७ को उपनियम (६) मा रहेका "नेपाल सरकारले" भन्ने शव्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शव्द राखिएको छ।

२६. **<u>मूल नियमावलीको नियम १०८ मा संशोधनः</u>** मूल नियमावलीको नियम १०८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) कोषको बैङ्क खाता नियम ११२ को उपनियम (२) बमोजिम खटाइएको उपमहानिर्देशक र विभागको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।"

२७. **<u>मूल नियमावलीको नियम १०९ मा संशोधनः</u>** मूल नियमावलीको नियम १०९ को उपनियम (१) को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय - सदस्य"

(२) खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन्ः-

"(घ१) महानिर्देशक - सदस्य

(घ२) प्रमुख, रेड कार्यान्वय केन्द्र - सदस्य"

(३) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) नियम ११२ को उपनियम (२) बमोजिम खटाइएको उपमहानिर्देशक - सदस्य-सचिव"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. **मूल नियमावलीको नियम ११२ मा संशोधनः** मूल नियमावलीको नियम ११२ को सट्टा देहायको नियम ११२ राखिएको छः-

"**११२. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) कोषको सचिवालयलाई आवश्यक पर्ने कर्मचारी विभागले उपलब्ध गराउनु पर्नेछ।

(२) विभागले कोषको सचिवालय प्रमुखको रुपमा काम गर्न एक जना उपमहानिर्देशकलाई खटाउने छ र निजले कोषको दैनिक कार्य सञ्चालन गर्नेछ।"

२९. **मूल नियमावलीको नियम ११५ मा संशोधनः** मूल नियमावलीको नियम ११५ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) उपनियम (२) र (३) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा रेड कार्यान्वयन केन्द्र मार्फत गर्नु पर्नेछ।"

३०. **मूल नियमावलीको नियम १२८ मा संशोधनः** मूल नियमावलीको नियम १२८ को,-

(१) उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्ः-

"(१) प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले त्यस्तो उद्योग सञ्चालन गर्नु अघि डिभिजन वन कार्यालयमा सूचीकृत भई अनुसूची-५३ बमोजिमको ढाँचामा प्रमाणपत्र लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम सूचीकृत हुनका लागि निवेदन पेस गर्दा उद्योग दर्ता प्रमाणपत्र र उद्योग स्थापना भई सञ्चालनमा रहेको आधिकारिक प्रमाण वा सो व्यहोरा खुल्ने गरी सवडिभिजन वन कार्यालयले दिएको पत्र पेस गर्नु पर्नेछ।"

(२) उपनियम (५) मा रहेका "डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "डिभिजन वन कार्यालयमा पेस गरी उपनियम (१) बमोजिमको प्रमाणपत्र अद्यावधिक गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (७) र (८) को सट्टा देहायका उपनियम (७) र (८) राखिएका छन्:-

"(७) यो उपनियम प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका तर यस नियम बमोजिम सूचीकृत नभएका उद्योगसमेत उपनियम (१) बमोजिम सूचीकृत भई प्रमाणपत्र लिनु पर्नेछ।

(८) उपनियम (१) बमोजिम सूचीकृत नभएको वा उपनियम (५) बमोजिम अद्यावधिक नभएको उद्योगले काठ, दाउराको लिलाम प्रक्रियामा भाग लिन पाउने छैन।"

३१. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची-१ मा रहेको "महानिर्देशक" भन्ने शब्द झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुसूची-६ मा रहेका "नियम ६४ को उपनियम (३) र (४)," भन्ने शब्दहरु पछि "नियम १०३ को उपनियम (१क)," भन्ने शब्दहरु थपी सोही अनुसूचीकोः-

(क) खण्ड (क) को क्र.सं. १, २, ८, ९, १३, १४, १७ र ३३ को सट्टा देहायका क्र.सं. १, २, ८, ९, १३, १४, १७ र ३३ राखिएका छन्:-

| क्र.सं. | काठको प्रजाति | | स्तर (ग्रेड) | प्रति घनफिट मूल्य रु. |
|---|---|---|---|---|
| | नेपाली नाम | वैज्ञानिक नाम | | |
| १ | जङ्गली सिसौ | *Dalbergia sissoo* | ए | १,२५०।- |
| | | | बी | १,०००।- |
| | | | सी | ६००।- |
| | | | डी | ३५०।- |
| २ | साल | *Shorea robusta* | ए | १,२५०।- |
| | | | बी | ९००।- |
| | | | सी | ६००।- |
| | | | डी | ३००।- |
| ८ | खोटे सल्ला | *Pinus roxburghii* | ए | २५०।- |
| | | | बी | १५०।- |
| ९ | गोब्रे सल्ला | *Pinus wallichiana* | ए | २००।- |
| | | | बी | १००।- |
| १३ | उत्तिस | *Alnus nepalensis* | ए | २००।- |
| | | | बी | १५०।- |
| १४ | पाटे सल्ला | *Pinus patula* | ए | २००।- |
| | | | बी | १००।- |
| १७ | सागवान | *Tectona grandis* | ए | ८००।- |
| | | | बी | ६००।- |
| ३३ | मसला | *Eucalyptus spp.* | – | १२५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) द्रष्टव्यको क्रमसङ्ख्या (३) पछि देहायको क्रमसङ्ख्या (४) थपिएको छः-

"(४) वन पैदावार विकास समितिले आफैं लगाई हुर्काएको प्रजातिको हकमा माथि उल्लिखित राजस्व दरको पचास प्रतिशत रकम मात्र राजस्व खातामा दाखिला गर्नु पर्नेछ।"

(३) अनुसूची-९ को,-

(क) क्र.सं. २ को खण्ड (ग) को उपखण्ड (७) को (इ) मा देहायको द्रष्टव्य थपिएको छः-

"द्रष्टव्यः कायम भएको दाउरा चट्टालाई झिँजामिजा कटाई चट्टाको खुद (नेट) आयतन कायम गर्न ०.५ ले गुणन गर्नु पर्नेछ।"

(ख) क्र.सं. ४ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) गोलिया काठको आयतन निकाल्ने तरिकाः गोलिया काठको आयतन निकाल्दा क्वार्टर गर्थ सूत्र अनुसार घन फिटमा देहाय बमोजिम निकाल्नु पर्छः-

क्वार्टर गर्थ सूत्रः–

$$\text{आयतन} = \frac{\text{लम्बाइ} \times (\text{गोलाइ})^{२}}{१६}$$

$$\text{Volume} = \frac{\text{Length} \times (\text{Girth})^2}{16}$$



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<u>द्रष्टव्यः</u>

(१) क्वार्टर गर्थ सूत्रबाट गोलियाको आयतन निकाल्दा खडा रुखको मूल्याङ्कनको ७८.५ प्रतिशत आयतन कायम हुन आउँछ।

(२) यो खण्ड प्रारम्भ हुनु अघि सङ्कलन भई घाटगद्दीमा रहेका तर बिक्री प्रक्रियामा नगएका गोलिया काठको हकमा क्वार्टर गर्थ सुत्र अनुसार पुनःमूल्याङ्कन गर्नु पर्नेछ।"

(ग) क्र.सं. ६ को खण्ड (ङ) को शुरूमा "सागवान र" भन्ने शब्दहरू थपिएका छन्।

(४) अनुसूची-१४ मा रहेका "बिक्री टाँचा निसान लागेको ट्रक नम्बर ......... मा लोड भएको र ............ सिल लागेको तपसिल बमोजिमको वन पैदावार ............दिन भित्र उठाई ........... सम्म लैजाने गरी यो छोडपुर्जी दिइएको छ। सबडिभिजन वन कार्यालयले प्रदान गरेको चलानी पुर्जीको आधारमा दरपिठ गराई वन पैदावार ओसारपसार गर्नु हुन अनुरोध छ" भन्ने शब्दहरुको सट्टा "बिक्री टाँचा निसान लागेको तपसिल बमोजिमको वन पैदावार उठाई .......... सम्म लैजाने गरी यो छोडपूर्जी दिइएको छ । सो काठ, दाउरा ढुवानी गर्ने ट्रक वा गाडीमा सील लागे पश्चात् सवडिभिजन वन कार्यालयले ट्रक वा गाडी नम्बर उल्लेख गरी प्रदान गरेको चलानी पूर्जीको आधारमा दरपिठ गराई वन पैदावार ओसार पसार गर्न अनुरोध छ" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) अनुसूची-३८ मा रहेका "(नियम ६८ को उपनियम (५) र नियम ७० को उपनियम (१) सँग सम्बन्धित)" भन्ने शब्दहरुको सट्टा "(नियम ६८ को उपनियम (५), नियम ७० को उपनियम (१) र नियम ९५ को उपनियम (३) र (३क) सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन् ।

(६) अनुसूची-५० को,-

(क) खण्ड (क) मा रहेको "गोलाइ इन्च" भन्ने शब्दहरुको सट्टा "गोलाइ/डिबिएच सेन्टिमिटर" भन्ने शब्दहरु र "उचाइ फिट" भन्ने शब्दहरुको सट्टा "उचाइ मिटर" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "बल्लाबल्ली" भन्ने शब्दको सट्टा "पोल" भन्ने शब्द, "गोलाइ इन्च" भन्ने शब्दहरुको सट्टा "गोलाइ/डिबिएच सेन्टिमिटर" भन्ने शब्दहरु र "उचाइ फिट" भन्ने शब्दहरुको सट्टा "उचाइ मिटर" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ग) झिकिएको छ।

(७) अनुसूची-५१ पछि संलग्न बमोजिमको अनुसूची-५१क. थपिएको छ ।

(८) अनुसूची-५२ मा रहेको "महानिर्देशक" भन्ने शब्द झिकिएको छ।

(९) अनुसूची-५३ को सट्टा संलग्न बमोजिमको अनुसूची-५३ राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसुची-५१क.

(नियम ९३ को उपनियम (४) सँग सम्बन्धित)

**वृक्षारोपण गरी वा प्राकृतिक पुनरुत्पादनको पाँच वर्ष सम्म स्याहार, सम्भार र व्यवस्थापन बापत जम्मा गर्नुपर्ने रकम**

| क्र. सं. | भौगोलिक क्षेत्र | दर (प्रति हेक्टर रु. लाखमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खाली जग्गा वा रुखजन्य प्रजातीका लाथ्रा, पोल र रुखको सम्मिश्रण प्रति हेक्टर ५०० वटा भन्दा कम रहेको जग्गा | | | रुखजन्य प्रजातीको लाथ्रा, पोल र रुखको सम्मिश्रण प्रति हेक्टर ५०० देखि १६०० सम्म रहेको जग्गा | | | रुखजन्य प्रजातीको लाथ्रा, पोल र रुखको सम्मिश्रण प्रति हेक्टर १६०० भन्दा बढी रहेको जग्गा | | |
| | | २ हे. भन्दा कम | २ हे. देखी ५ हे. सम्म | ५ हेक्टर भन्दा वढी | २ हे. भन्दा कम | २ हे. देखी ५ हे. सम्म | ५ हेक्टर भन्दा वढी | २ हे. भन्दा कम | २ हे. देखी ५ हे. सम्म | ५ हेक्टर भन्दा वढी |
| १. | तराइ र चुरे | १४.० | १२.० | १०.० | १०.० | ८.० | ६.० | २.० | १.५ | १.० |
| २. | उपत्यका र मध्य पहाड | १६.० | १४.० | १२.० | १२.० | १०.० | ८.० | २.५ | २.० | १.५ |
| ३. | हिमाली क्षेत्र (२२०० मि. माथि) | १८.० | १६.० | १४.० | १४.० | १२.० | १०.० | ३.० | २.५ | २.० |

**स्पष्टीकरण:** यस अनुसूचीको प्रयोजनको लागि "लाथ्रा" भन्नाले दश सेन्टिमिटरसम्म व्यास (डिबिएच) र एक मिटर भन्दा बढी उचाई भएको खडा बोट सम्झनु पर्छ।

**द्रष्टव्य:**

१. यो दर आ.व. २०८०।२०८१ मा तय भएकोले तत् पश्चातका वर्षहरुमा कारोबार गर्दा वार्षिक पाँच प्रतिशतका दरले थप गर्दै जानु पर्नेछ।

२. नियम ९३ को उपनियम (५) बमोजिम लागत अनुमान गर्दा रोपण गर्नु पर्ने बिरुवा सङ्ख्या ८०० भन्दा बढी र १६०० सम्म भएमा १ हेक्टर मानी माथिको तालिकामा उल्लेख भए बमोजिमको रकम जम्मा गर्नु पर्नेछ। तर रोपण गर्नु पर्ने बिरुवा सङ्ख्या ८०० भन्दा कम भएमा १ हेक्टर बराबर १६०० बिरुवा मानी हुन आउने क्षेत्रफल अनुसार रकम जम्मा गर्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-५३

(नियम १२८ को उपनियम (१) सँग सम्बन्धित)

काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्रको ढाँचा

प्रदेश सरकार

.........मन्त्रालय

प्रदेश वन निर्देशनालय

......... डिभिजन वन कार्यालय, .........

प्रमाणपत्र नम्बर : मितिः

काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्र

श्री.......................................

सञ्चालकः श्री ..................................... उद्योग

तपाईले उद्योग सूचीकृत गर्नका लागि यस कार्यालयमा निवेदन दिनु भएकोमा उद्योग दर्ता प्रमाणपत्रको आधारमा वन नियमावली, २०७९ को नियम १२८ को उपनियम (१) बमोजिम तपाईको ....... उद्योगलाई सूचीकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ। वन ऐन, २०७६, वन नियमावली, २०७९ र अन्य प्रचलित कानूनको अधीनमा रही उद्योग सञ्चालन गर्नु हुन अनुरोध छ।

**सुचीकृत उद्योग अद्यावधिक गरिएको विवरण**

| क्र. सं. | आर्थिक वर्ष | अद्यावधिक मिति | अद्यावधिक गर्ने डिभिजनल वन अधिकृतको | |
|---|---|---|---|---|
| | | | नाम थर | हस्ताक्षर |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(डिभिजनल वन अधिकृत)

नामः

दृष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एकहजार रुपैयाँ लाग्नेछ।"

**आज्ञाले,**

**डा.गोविन्द प्रसाद शर्मा**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।